कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: १५०।०८२
दर्ता मिति: २०८२।१२।१६

# कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री
३. निर्णय मितिः २०८२/१२/१२

कृषि सूचना तथा प्रशिक्षण केन्द्रको आफ्नो संगठनात्मक कार्यक्षेत्रको अधिनमा रही वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्पादन हुने तालिम, प्रशारण, प्रकाशन, सूचना प्रवाह र किसान सूचीकरण कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रतिफलमा आधारित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यक्रम" भन्नाले केन्द्रबाट सञ्चालन गरिने तालिम, प्रकाशन, प्रसारण, किसान सूचिकरण, सूचना प्रवाह लगायतका कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि सूचना तथा प्रशिक्षण केन्द्रलाई सम्झनु पर्छ। ।

(ग) "कृषि" भन्नाले कृषि, पशुपन्छी, मत्स्य तथा खाद्य सम्बन्धित विषय क्षेत्र सम्झनु पर्छ।

(घ) "पाठ्यक्रम" भन्नाले दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिमको पाठ्यक्रम समितिबाट स्वीकृत तालिमको उद्देश्य, विषयवस्तु, शिक्षण विधि, तालिमको मूल्याङ्कनको ढाँचा, र सिकाइका परिणाम उल्लेख भएको विषयवस्तुलाई सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले केन्द्रका प्रमुखलाई सम्झनु पर्छ।

(च) "प्रदेश मन्त्रालय" भन्नाले संघीय संरचना अनुसार सातवटै प्रदेशमा रहेका कृषि विषयक्षेत्रसँग सम्बन्धित मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "प्रशिक्षक" भन्नाले केन्द्रबाट सञ्चालन हुने तालिमको सेसनमा स्रोत व्यक्तिको रुपमा सहजीकरण गर्ने/प्रशिक्षण दिने विज्ञलाई सम्झनु पर्छ।

(ज) "प्रशिक्षार्थी" भन्नाले केन्द्रबाट सञ्चालन हुन तालिममा सहभागी हुने कर्मचारी, कृषक एवम् उद्यमी लगायतका सहभागीहरुलाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले संघीय कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "विभाग" भन्नाले संघीय कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय मातहतका विभागहरू सम्झनु पर्छ।



सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ट) **"सेवाकालीन तालिम"** भन्नाले नेपाल कृषि सेवामा कार्यरत कर्मचारीहरुलाई प्रदान गरिने कम्तीमा ३० कार्यदिनको तालिम सम्झनु पर्छ ।

(ठ) **"सेवा प्रवेश तालिम"** भन्नाले लोकसेवा आयोग केन्द्रीय कार्यालयबाट संघीय निकायमा सिफारिस भएका नेपाल कृषि सेवाका कर्मचारीहरुलाई सेवा प्रवेश पश्चात दिइने तालिम सम्झनु पर्छ।

## परिच्छेद-२

## तालिम सञ्चालन कार्यक्रम

३. **कार्यक्रमको परिचयः** केन्द्रले कृषि सेवामा कार्यरत सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सिप तथा क्षमता अभिबृद्धिका लागि प्राविधिक, व्यवस्थापन, नियमन लगायतसँग सम्बन्धित तथा सङ्घीय कृषि सेवाका कर्मचारीहरुको वृत्ति विकाससँग सम्बन्धित विषयका तालिम कार्यक्रम सञ्चालन गर्नेछ। साथै माग र औचित्यताका आधारमा कृषक/कृषि उद्यमीहरुको व्यवसायिक दक्षता अभिबृद्धि गर्ने प्रकृतिका तालिम समेत सञ्चालन गर्न सक्नेछ।

४. **कार्यक्रम सञ्चालन प्रक्रिया:** तालिम सञ्चालनका लागि आवश्यकता पहिचान, पाठ्यक्रम निर्धारण, प्रशिक्षक तथा प्रक्षिक्षार्थी छनौट, तालिमको समयसारिणी, सहभागीहरुको अभिलेखीकरण लगायतका विषयहरु निम्नानुसार गरिनेछ।

(१) **तालिम आवश्यकताको पहिचानः** (क) तालिम कार्यक्रम प्रस्ताव गर्दा केन्द्रले मन्त्रालय मातहतका निकाय, प्रदेश र स्थानीय तहसँग समन्वय गरी आवश्यक तालिमको विषय पहिचान गर्नेछ।

(ख) केन्द्रले तालिम आवश्यकता पहिचान भौतिक वा भर्चुअल माध्यमबाट गर्न सक्नेछ।

(२) **तालिम पाठ्यक्रम निर्धारण समिति सम्बन्धी** व्यवस्थाः (क) तालिमको पाठ्यक्रम स्वीकृतिका लागि केन्द्रमा देहाय बमोजिमको एक पाठयक्रम समिति रहनेछ।

(अ) प्रमुख, केन्द्र - संयोजक

(आ) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, अधिकृत प्रतिनिधि - सदस्य

(इ) अधिकृत प्रतिनिधि, मन्त्रालय - सदस्य

(ई) अधिकृत प्रतिनिधि, सम्बन्धित विभाग (कृषि/पशुसेवा/खाद्य) - सदस्य

(उ) सम्बन्धित विषय विज्ञ (उपदफा (२) को खण्ड (ग) बमोजिमको मस्यौदा कार्यदलको संयोजक सहित ३ जना सम्म) - सदस्य

(ऊ) पाठ्यक्रम विकास/निर्माण सम्बन्धी सरकारी/शैक्षिक संस्थाका प्रतिनिधि - सदस्य

(ए) तालिम शाखा प्रमुख (कृषि/पशुपन्छी), केन्द्र - सदस्य-सचिव

(ख) पाठ्यक्रम निर्माण गर्नु पर्ने विषयको उपदफा (२) को खण्ड क (उ) बमोजिमको सम्बन्धित विषय विज्ञ केन्द्र प्रमुखले तोके बमोजिम हुनेछ।

(ग) तालिम पाठ्यक्रमको विकास, संशोधन तथा परिमार्जन सम्बन्धी कार्यको मस्यौदा तयारीका लागि केन्द्र प्रमुखले बढिमा ३ (तीन) जना विषय विज्ञ समेतको एक पाठ्यक्रम मस्यौदा कार्यदल गठन गर्न सक्नेछ।



सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) पाठ्यक्रम समितिको काम, कर्तव्य र अधिकारः

(क) पाठ्यक्रम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(अ) केन्द्रका लागि प्रत्यायोजित कार्यक्षेत्र भित्रका विषयहरुको पाठ्यक्रम विकास, निर्माण, परिमार्जन, सुधारका सम्बन्धमा आवश्यक निर्णयहरु गर्ने,

(आ) अन्य निकायहरुबाट स्वीकृतिका लागि पेश भएका पाठ्यक्रमहरु अध्ययन गरी स्वीकृत गर्ने,

(इ) तालिमको व्यवहारिक कक्षा सञ्चालनको लागि बीउ बिजन, विषादी, जिउँदो पशुपन्छी लगायतका विशेष किसिमका वस्तुहरु तथा उपकरणहरु आवश्यक पर्ने भएमा सो तालिम सामग्री समेत पाठ्यक्रममा पाठ्यक्रम सम्भागको रुपमा समावेश गर्ने।

(४) प्रशिक्षकको छनौटः

(क) स्वीकृत पाठ्यक्रम बमोजिम तालिम सञ्चालनका लागि प्रशिक्षकको छनौट गर्दा विषय विज्ञता, अनुभव, शैक्षिक योग्यता लगायतका विषयहरुलाई आधार लिनुपर्नेछ।

(ख) कर्मचारी तालिमको हकमा पदसोपान समेतलाई आधार लिनुपर्नेछ। तर विषय विज्ञता भएको सन्दर्भमा पदसोपानले वाधा पर्ने छैन।

(ग) कृषक/उद्यमीस्तर तालिमको हकमा अनुभवी र सफल कृषक/उद्यमीलाई समेत प्रशिक्षकको रुपमा प्रयोग गर्न सकिनेछ।

(घ) उक्त प्रशिक्षक छनौटका लागि अनलाइन विधिबाट विज्ञहरुको रोष्टर अनुसूची-१ बमोजिम तयार गरी लागु गर्न सक्नेछ। तर कुनै खास किसिमको विषयको प्रशिक्षणका लागि केन्द्रले सोही विषयको विशिष्टीकृत विज्ञता हाँसिल गरेको प्रशिक्षक छनौट गरी प्रशिक्षण व्यवस्था मिलाउन सक्नेछ।

(ङ) प्रशिक्षक छनौटको विस्तृत आधार केन्द्रले नै स्वीकृत गरी लागु गर्न सक्नेछ।

(५) प्रशिक्षार्थीको छनौट तथा प्रशिक्षार्थी संख्याः

(क) प्रशिक्षार्थीहरुको छनौट सामान्यतयाः तालिम आवश्यकता पहिचान, विषय, निजहरु कार्यरत संस्था लगायतका आधारमा हुनेछ।

(ख) नेपाल कृषि सेवा अन्तर्गत रा.प.द्वि.(प्रा.) श्रेणीसम्मका कर्मचारीहरुको सेवाकालीन तालिमका लागि प्रशिक्षार्थीको छनौट संघीय निजामती सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ र सेवाप्रवेश तालिमको हकमा संघीय लोकसेवा आयोगबाट सिफारिस भई आउने नेपाल कृषि सेवा प्राविधिकहरुलाई तालिम प्रदान गरिनेछ।

(ग) समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भई सोही पद/तहमा कार्यरत रहेका प्राविधिकहरुलाई पनि यस प्रकारको सेवाकालीन तालिममा समेट्नु पर्नेछ।

(घ) उपदफा ५ को (ख) र (ग) बाहेकका विषयगत, प्राविधिक लगायतका तालिमको हकमा सम्बन्धित निकायबाट मनोनयन भई आएका सहभागीलाई समावेश गराइनेछ।

(ङ) केन्द्रले सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक आवेदकहरु मध्येबाट आवश्यकता र औचित्यका आधारमा प्रशिक्षार्थी छनोट गर्न कुनै बाधा पर्ने छैन।

(च) प्रशिक्षार्थी संख्या सामान्यतया २० जना हुनु पर्नेछ तर सेवाकालीन, सेवाप्रवेश र केन्द्रले आवश्यक ठानेका विशेष प्रकारका तालिम सञ्चालनका लागि तालिमको प्रकृति अनुरुप उक्त सहभागी संख्या थपघट हुन सक्नेछ।



सचिव डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(६) तालिम समयावधि/सेसन/सत्र तथा प्रशिक्षण विधि:

(क) सेवाकालीन तालिमको अवधि संघीय निजामती सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ।

(ख) अन्य तालिमको हकमा आवश्यकता, पाठयक्रम र केन्द्रको स्वीकृत कार्यक्रम बमोजिम हुनेछ।

(ग) तालिमको प्रत्येक सत्र १ घण्टा ३० मिनेटको हुनेछ। तालिमको प्रकृति, आवश्यकता र औचित्यका आधारमा १ दिनमा अधिकतम ४(चार) वटा सत्रसम्म सञ्चालन गर्न सकिनेछ।

(घ) न्यूनतम ६ कार्यदिन वा सो भन्दा बढी दिनको तालिममा तालिमको शुरुको दिनको पहिलो सत्र आवश्यकता अनुसार पूर्व-परीक्षा (Pre-test) र अन्तिम दिन तालिम सम्पन्नता पश्चात् "Post-test" सञ्चालन गर्न सकिनेछ।

(ङ) सेवाकालीन तालिमको हकमा सार्वजनिक बिदाका दिनमा तालिम सञ्चालन गर्न बाध्य हुने छैन। अन्य तालिमका हकमा आवश्यकता अनुसार सार्वजनिक बिदाका दिनमा पनि तालिम सञ्चालन गर्न सकिनेछ।

(च) प्रशिक्षणका सत्रहरु सैद्धान्तिक, व्यवहारिक वा दुवै किसिमको हुन सक्नेछ। प्रशिक्षार्थीहरुको ज्ञान, सीप र धारणामा परिवर्तन गर्न प्रवचन, छलफल, अभ्यास, समूह कार्य, अवलोकन भ्रमण, मामिला अध्ययन लगायतका उपयुक्त प्रशिक्षणका विधि अपनाई तालिम सञ्चालन गरिनेछ।

(छ) तालिम भौतिक, भर्चुअल वा हाईब्रिड माध्यमबाट सञ्चालन गर्न सकिनेछ।

(७) तालिम संयोजक सम्बन्धी व्यवस्था:

(क) प्रत्येक तालिमको संयोजनका लागि देहाय बमोजिमको संयोजन टोली गठन गरी आवश्यक जिम्मेवारी दिइनेछ।

| | |
|---|---|
| (अ) संयोजक (रा.प.द्वितीय वा रा.प.तृतीय श्रेणी) | १ |
| (आ) सहयोगी | २ |
| (इ) प्रतिवेदक | १ |

(ख) ६ कार्यदिन भन्दा लामो अवधिको तालिमको हकमा र स्थलगत तालिमको हकमा भने एकजना सह-संयोजक (रा.प. तृतीय श्रेणी) को व्यवस्था गर्न सकिनेछ।

(ग) तालिम संयोजकको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ।

(अ) स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लागत अनुमान स्वीकृत गराउने, प्रशिक्षार्थी छनौट/मनोनयन, प्रशिक्षकहरुको व्यवस्था र तालिमसँग सम्बन्धित अन्य व्यवस्थापन र समन्वय गर्ने।

(आ) तालिम सम्पन्न पश्चात तालिम सम्पन्नताको प्रतिवेदन तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने।

(इ) तालिमका सहभागीहरुको अभिलेख राख्ने व्यवस्था मिलाउने।

(ई) तालिम सञ्चालनकै क्रममा सहजकर्ताहरुको मूल्याङ्कन अनुसूची-२ बमोजिमको आधारमा गराउनु पर्ने।

(८) सेवाकालीन तालिममा प्रशिक्षार्थी मूल्याङ्कन सम्बन्धी व्यवस्था:

(क) सेवाकालीन तालिमका प्रशिक्षार्थीहरुको मूल्याङ्कन अनुसूची ३ बमोजिमको आधारमा गरिनेछ।

(ख) अनुसूची ३ मा उल्लेखित लिखित परीक्षामा वस्तुगत र विषयगत गरी दुवै प्रकारका प्रश्न सोधन सकिनेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग)मुल्यांकनकर्ताको छनौट केन्द्रले गर्नेछ। मुल्यांकनबाट प्राप्त अङ्कको आधारमा प्रशिक्षार्थीहरुलाई निम्नानुसारको श्रेणी सहितको प्रमाणपत्र प्रदान गरिनेछ।

(अ) ८० वा सो भन्दा बढी अङ्क – प्रथम श्रेणी

(आ) ६५ देखी ८० भन्दा कम अङ्क – द्वितीय श्रेणी

(इ) ५० देखी ६५ भन्दा कम अङ्क – तृतीय श्रेणी

(ई) ५० भन्दा कम अङ्क – चतुर्थ श्रेणी

(९) **प्रमाणपत्र सम्बन्धी व्यवस्था:** तालिम पश्चात् प्रशिक्षार्थीहरुलाई अनुसूची-४ बमोजिमको ढाँचामा तालिम सहभागिताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ। सेवाकालीन तालिम एवम् कुनै कृषि सम्बन्धी कानुनले निर्देशन गरेबमोजिमको तालिमको हकमा सो प्रमाणपत्रको प्रतिलिपि समेत कुनै पनि समयमा उपलब्ध गराउन सकिने गरी केन्द्रले अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ।

५. <u>तालिम प्रभावकारीता अध्ययन सम्बन्धी व्यवस्था:</u> (१) केन्द्रबाट सञ्चालन हुने तालिमहरुको आवश्यकता अनुसार प्रभावकारीता अध्ययन गर्न सकिनेछ।

६. <u>अभिलेख व्यवस्थापन:</u> (१) तालिमका सहभागीहरुलाई अनुसूची-५ बमोजिमको ढाँचामा व्यक्तिगत विवरण भर्न लगाई तालिम संयोजकबाट प्रमाणित गराई केन्द्रले अभिलेख राख्नुपर्नेछ।

(२) सेवाकालीन तालिमको हकमा अभिलेख राख्दा अनुसूची-५ मा उल्लेखित विवरण वाहेक मूल्याङ्कन नतिजा खुल्ने गरी तालिम संयोजक तथा तालिम शाखा प्रमुखबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(३) सेवाकालीन तालिम लिएका प्रशिक्षार्थीहरुको विवरण राष्ट्रिय किताबखाना (निजामती)मा उपलब्ध गराई सो को समेत अभिलेख राख्नुपर्नेछ।

(४) प्रशिक्षार्थीबाट पेश गरिएको मामिला अध्ययन प्रतिवेदनको एक प्रति प्रशासन शाखाले केन्द्रको पुस्तकालयमा अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) विद्युतीय माध्यमबाट तालिम सूचना प्रणालीको विकास गरी तालिमको अभिलेख व्यवस्थापन गर्न सकिनेछ।

७. <u>समन्वय/सहकार्य:</u> १) केन्द्रले प्रदेश मन्त्रालय मातहतका तालिम केन्द्रसँग समन्वय र सहकार्य गरी तालिम सञ्चालन गर्न सक्नेछ।

(२) केन्द्रले कृषिसँग सम्बन्धित कार्य गरी रहेका सङ्घ/संस्था तथा निजी क्षेत्रहरुसँग समेत समन्वय तथा सहकार्य गरी तालिम सञ्चालन गर्न सक्नेछ।

(३) विभिन्न देशमा रहेका तालिम प्रदायक संस्थाहरुको विज्ञतालाई उपयोग गर्ने गरी प्राविधिक सहकार्यमा तालिम सञ्चालन गर्न सक्नेछ। यस प्रकारको सहकार्य गर्दा मन्त्रालयबाट आवश्यक सहमति लिई गर्नुपर्नेछ।

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-३

## प्रकाशन तथा वितरण

८. **कार्यक्रमको परिचयः** (१) अनुसन्धानबाट विकास गरिएका प्रविधि एवम् अन्य श्रोतबाट प्राप्त वा सिर्जित प्रविधि एवम् कृषक तथा अन्य सरोकारवालाको लागि उपयोगी सूचना तथा जानकारी छिटो छरितो रुपमा प्रसारको लागि केन्द्रले निम्नानुसारका कृषि तथा पशुपन्छी डायरी, कृषि त्रैमासिक पत्रिका, प्राविधिक पुस्तिका लगायत प्रकाशन गरी वितरण गर्नेछ।

क) **कृषि तथा पशुपन्छी डायरी-** कृषिक्षेत्र सँग सम्बन्धित विभिन्न महत्वपूर्ण तथ्याङ्क, सम्बद्ध विभिन्न सरकारी तथा गैह्र सरकारी निकायका सम्पर्क नम्बर, ईमेल तथा वेभसाईट, कृषि सम्बन्धी नीतिगत व्यवस्था, कृषि, पशुपन्छी र जडिबुटी बीमा, बीउ बिजन, बाली संरक्षण, विभिन्न खेती प्रविधि, कृषि बजार, पशुपालन लगायतका क्षेत्रहरुसँग सम्बन्धित विवरणहरु समेटी वार्षिक रुपमा एक पटक कृषि तथा पशुपन्छी डायरी प्रकाशन गरिनेछ।

ख) **कृषि त्रैमासिक पत्रिका-** हरेक त्रैमासिकमा कृषक तथा कृषि प्राविधिकहरूलाई लक्षित गरी कृषि प्रविधिसँग सम्बन्धित विभिन्न लेखहरू संकलन गरी कृषि त्रैमासिक पत्रिका प्रकाशन गरिनेछ। कृषि त्रैमासिक पत्रिका मार्फत अनुसन्धान तथा तथ्यमा आधारित विचारमूलक,विश्लेषणात्मक र मौलिक लेख तथा रचनाहरुका साथै , अनुभव वा सफलताको आधारमा तयार गरिएका लेख, कृषि संवाद, कविता वा कृषि गतिविधि लगायतका विवरणात्मक र कृषि सम्बन्धी मौलिक लेख र रचनाहरु समावेश गरी प्रकाशन गरिनेछ। यसका साथै प्रमुख कृषि उपजहरुको मासिक मूल्य विवरण लगायत अन्य छोटा लेखहरू समेत समावेश गर्न सकिनेछ। कृषि प्रविधिमा आधारित साथै कृषि विकासमा टेवा पुग्ने प्राविधिक, सामाजिक, आर्थिक पक्षको विश्लेषणात्मक रचनालाई उचित स्थान दिईने छ । कृषि त्रैमासिक पत्रिकामा लेखिएका लेख रचनाहरू नेपाली भाषामा सूचनामा उल्लेख भए अनुरुपको शर्त पालना गरी लेखिएको हुनुपर्नेछ।

ग) **कृषि प्राविधिक पुस्तिका-**हरेक त्रैमासिकमा कृषि क्षेत्रसँग सम्बन्धित कुनै एक विषयवस्तुमा केन्द्रित रही अनुसन्धान तथा तथ्यमा आधारित विस्तृत विवरणहरु सहितको कृषि प्राविधिक पुस्तिका प्रकाशन गरिनेछ। कृषि प्राविधिक पुस्तिका नेपाली भाषामा सूचनामा उल्लेख भए अनुरुपको शर्त पालना गरी लेखिएको हुनुपर्नेछ ।

घ) **कृषि क्यालेण्डर-** कृषि सम्बन्धी गरिने मासिक गतिविधि साथै कृषिसँग सम्बन्धित विभिन्न दिवसहरु लगायतका अन्य तिथिहरुसमेत समेटी वार्षिक क्यालेण्डर प्रकाशन गरिनेछ।

ङ) **एग्रीकल्चर डेभलप्मेन्ट जर्नल-** कृषिमा विद्यमान विभिन्न समस्याहरुमा आधारित रहेर गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा एवम् सिफारिसहरूलाई सरोकारवालाहरु समक्ष पुऱ्याउनका लागि वार्षिक रुपमा Agriculture Development Journal प्रकाशन गरिनेछ। यस जर्नलमा कृषि सूचना प्रविधि, कृषिमा डिजिटलाईजेसन, नवप्रवर्धनात्मक कृषि, कृषि बजारीकरण, जलवायु परिर्वतन, खाद्य तथा पोषण सुरक्षा, खाद्य स्वच्छता, कृषि व्यापार, सामाजिक तथा लैङ्गिक समावेशीकरण, कृषि जैविक विविधता लगायतका विषयहरुलाई प्राथमिकता दिईनेछ।



सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

९. <u>कार्य सञ्चालन प्रक्रिया</u>: (१) केन्द्रले दफा ८ को उपदफा (१) को खण्ड (क) बमोजिमको <u>कृषि तथा पशुपन्छी डायरी</u> प्रकाशनका लागि कृषि तथा पशुपन्छी डायरीमा समेटिने विषयवस्तुहरुको आवश्यक विवरण सम्बन्धित निकायहरुबाट माग गर्न सक्नेछ। सो कार्यको सहजीकरणका लागि सम्बन्धित निकायले सम्पर्क व्यक्ति तोक्न सक्नेछ। प्राप्त विवरणहरुलाई सरोकारवाला सहितको बैठकबाट परिमार्जन गरी प्रकाशनका लागि सिफारिस गरिनेछ। प्रकाशित गरिएको डायरीलाई माग र उपलब्धताका आधारमा केन्द्रबाट वितरण गरि अभिलेख राखिनेछ।

(२) दफा ८ (ख) बमोजिमको <u>कृषि त्रैमासिक पत्रिका</u> प्रकाशनको लागि केन्द्रले आवश्यक पर्ने लेख रचनाहरूको माग गरी आर्थिक वर्षको प्रथम त्रैमासिकमा सूचना प्रकाशन गर्नेछ। प्राप्त लेख रचनाहरूको संकलन, प्रारम्भिक अध्ययन तथा विश्लेषण गरी सो अनुसार तयार गरिएको मस्यौदालाई दफा १६ को (ख) बमोजिमको समितिमा पेश गर्नेछ। समितिले पेश गरेको मस्यौदा उपर छलफल गरी विषयको विविधता, नविनता, सान्दर्भीकता लगायतका आधारमा उपयुक्त देखिएका लेखहरुलाई प्रकाशनका लागि प्राथमिकता सहित छनौटका लागि सिफारिस गर्नेछ। समितिबाट सिफारिस भएका लेख रचनाहरूलाई सम्पादन गर्नका लागि दफा ९ को उपदफा २ को खण्ड (क) अनुसारको सम्पादक मण्डलमा पेश गर्नेछ। छनौट भएका लेख रचनाहरूमा केही परिमार्जन गर्न आवश्यक देखिएमा समितिबाट प्राप्त सुझाव सहित सम्बन्धित लेखकलाई उक्त लेखहरु परिमार्जन गर्नका लागि पठाउनु पर्नेछ र यदि सिफारिस भएका लेख रचनाहरूको सम्बन्धित विषय विज्ञबाट प्राविधिक पृष्ठपोषण लिन आवश्यक देखिएमा सम्पादक मण्डलले चयन गरेको विषय विज्ञ समिक्षक समक्ष पठाउन सकिनेछ। सम्पादक मण्डलबाट सिफारिस भई आएका लेखहरुलाई प्रकाशन गरिनेछ। प्रकाशन गरिएका कृषि त्रैमासिक पत्रिका माग र उपलब्धताका आधारमा वितरण गरी अभिलेख राखिनेछ।

(क) केन्द्रबाट प्रकाशन हुने कृषि त्रैमासिक पत्रिका सम्पादन कार्यका लागि केन्द्र प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको एक सम्पादक मण्डल रहनेछ।

| | | |
|---|---|---|
| प्रधान सम्पादक | केन्द्र प्रमुख (संयोजक) | १ |
| <u>सम्पादकहरु</u> | | |
| केन्द्रको प्रकाशन शाखा प्रमुख | | १ |
| आमन्त्रित सदस्य | | २ |
| सदस्य सचिव (केन्द्रको प्रकाशन शाखाको सम्बन्धित अधिकृत) | | १ |

(ख) सम्पादक मण्डलको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ग) सम्पादक मण्डलले प्राविधिक र भाषिक शुद्धता तथा तथ्याङ्कको सत्यता लगायतका आधारमा लेखको मर्म नबदलिने गरी लेखलाई परिमार्जन गर्न सक्नेछ।

(३) दफा ८ (ग) बमोजिमको <u>प्राविधिक पुस्तिका प्रकाशन</u>का लागि आवश्यक पर्ने प्रविधि सम्बन्धी बिस्तृत लेख माग गरी आर्थिक वर्षको प्रथम त्रैमासिकमा सूचना प्रकाशन गर्नेछ। प्राप्त लेख रचनाहरूको संकलन गरी प्रारम्भिक अध्ययन तथा विश्लेषण पश्चात तयार गरिएको मस्यौदालाई दफा १६ को (ख) बमोजिमको समितिमा पेश गर्नेछ। समितिले पेश गरिएको मस्यौदा उपर छलफल गरी विषयको विविधता, नविनता, सान्दर्भीकता लगायतका आधारमा उपयुक्त देखिएका लेखहरुलाई प्रकाशनका लागि प्राथमिकता सहित छनौटका लागि सिफारिस गर्नेछ। छनोट भएका लेखहरुमा केही विषयवस्तुहरु समयानुकुल अद्यावधिक गर्न वा परिमार्जन गर्न आवश्यक देखिएमा सम्बन्धित लेखकबाट परिमार्जनको लागि केन्द्रले अनुरोध गर्नेछ। प्राप्त संशोधित लेखलाई केन्द्रले तोकेको आन्तरिक वा बाह्य विषय विज्ञ समिक्षकले अन्तिम रूप दिए पश्चात



सचिव डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

प्रकाशन गरिनेछ। प्रकाशन गरिएका प्राविधिक पुस्तिका माग र उपलब्धताका आधारमा केन्द्रबाट वितरण गरि अभिलेख राखिनेछ।

(४) दफा ८ (घ) बमोजिम कृषि क्यालेण्डरमा प्रकाशन हुने प्राविधिक विषयहरुका सम्बन्धमा केन्द्रले सम्बन्धित निकायहरूसँग आवश्यक विवरणहरू माग गर्न सक्नेछ ।प्राप्त विवरणका आधारमा विषयवस्तुहरुको आवश्यक अद्यावधिक गरेपश्चात चालु आर्थिक वर्षको अन्तिम त्रैमासिकमा क्यालेण्डर प्रकाशन गरिनेछ। प्रकाशित क्यालेण्डरको माग र उपलब्धताका आधारमा केन्द्रबाट वितरण गरी अभिलेख राखिनेछ।

(५) दफा ८ (ङ) बमोजिमको एग्रीकल्चर डेभलप्मेपन्ट जर्नल प्रकाशनको लागि आवश्यक लेखहरू संकलन गर्ने प्रयोजनार्थ प्रथम त्रैमासिकमा बढीमा ३ महिनाको अवधि र विषयगत प्राथमिकता क्षेत्र तोकी केन्द्रको वेवसाइटमा सूचना आव्हान गरिनेछ। तोकिएको समयभित्र पर्याप्त संख्यामा लेखहरु प्राप्त नभएमा आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ। केन्द्रबाट प्रकाशन गरिने जर्नलका लागि निम्न वमोजिमको प्रक्रिया अपनाईनेछ।

क) केन्द्रले प्राप्त लेखहरु अनुसूची- ७ अनुसारको फर्म्याटमा डेस्क रिभ्यू गरी छनौट भएका लेखहरुलाई उपदफा ५ को ख अनुसार गठन हुने सम्पादक मण्डलमा पठाउनेछ।

ख) केन्द्रबाट प्रकाशन हुने एग्रीकल्चर डेभलप्मेन्ट जर्नलको सम्पादन कार्यका लागि केन्द्र प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको एक सम्पादन मण्डल रहनेछ।

| | |
|---|---|
| प्रधान सम्पादक | - केन्द्र प्रमुख (संयोजक) |
| सम्पादकहरू | - ४ जना |
| सदस्य सचिव | - केन्द्रको प्रकाशन शाखा प्रमुख |

ग) सम्पादकहरुको छनौट केन्द्रले अनुसुची-६ मा उल्लेख भए बमोजिमका मापदण्डका आधारमा गर्नेछ।

घ) सम्पादक मण्डलको बैठक लेखहरु संकलन भए पश्चात आवश्यकता अनुसार बस्नेछ।

ङ) सम्पादन मण्डलको काम कर्तव्य र अधिकारः सम्पादन मण्डलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(अ) उपदफा ५(क) अनुसार छनौट भएका प्रत्येक लेखहरूलाई रिभ्यूको लागि न्यूनत्तम १५ दिनको समय सीमा तोकी केन्द्रको रिभ्युअर रोष्टरबाट बिषय विज्ञता, पुर्वप्रकाशन, अनुसन्धान क्षेत्रमा अनुभव, निष्पक्षता र बिगतको विश्वसनियता समेतको आधारमा सम्बन्धित विज्ञहरू (कम्तिमा २ जना) लाई पठाउने।

(आ) रिभ्युअर्सको सुझाव अनुसार लेखलाई स्वीकृत/अस्वीकृत गर्ने। परिमार्जन सहित स्विकृत गर्ने सुझाव प्राप्त भएका लेखका हकमा प्राप्त राय/सुझाव सहित सम्बन्धित लेखक समक्ष आवश्यक सुधार तथा परिमार्जनका लागि समय सीमा तोकी पठाउने।अस्वीकृत भनि निर्णय भएका लेखहरुको जानकारी सम्बन्धित लेखकलाई दिने।

(ई) द्विविधात्मक अवस्थामा स्वीकृत/अस्वीकृत गर्ने सम्बन्धी अन्तिम निर्णय गर्ने।

(उ) लेखकहरुबाट प्राप्त परिमार्जित लेखहरू सम्पादन गर्ने।

(ऊ) उपलब्ध स्रोत साधनका आधारमा जर्नलमा समावेश गरिने लेखहरुको संख्या निर्धारण गरी प्रकाशनका लागि केन्द्रलाई सिफारिस गर्ने।



सचिव डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

च) जर्नलमा प्रकाशन भएको लेखहरुको copy right केन्द्रमा रहनेछ ।केन्द्रबाट प्रकाशन हुने Agriculture Development Journal का लेखहरुको Digital Object Identifier (DOI) उपलब्ध गराउनका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयमा समन्वय गरिनेछ।

परिच्छेद-४

## रेडियो तथा टेलिभिजन कृषि कार्यक्रम उत्पादन तथा प्रशारण

१०. **कार्यक्रमको परिचयः** आम सञ्चार माध्यमबाट कृषि, पशुपालन, बागवानी, मत्स्य, खाद्य प्रविधि तथा गुण नियमन, कृषि बजार र अन्य कृषि सम्बन्धी प्राविधिक ज्ञान एवम् सूचनामूलक जानकारीहरू प्रसारणबाट कृषक, उद्यमी एवम् व्यवसायी तथा प्राविधिकहरुको सीप तथा दक्षता अभिवृद्धि गर्ने, उपभोक्ताहरुमा खाद्य स्वच्छता सम्बन्धी सचेतना अभिबृद्धि गर्नुका साथै समग्रमा कृषि पेशा प्रति आकर्षण बृद्धि गर्न रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत प्रसारण हुने गरी कृषि कार्यक्रमहरूको उत्पादन गरिनेछ।

११. **कार्य सञ्चालन प्रक्रियाः** (१) कार्यक्रम सञ्चालनमा संलग्नताः सरकारी, गैह सरकारी, अनुसन्धान, विश्विद्यालय, शैक्षिक क्षेत्रमा कार्यरत विषय विषेशज्ञहरू, नीति निर्माताहरु र स्वतन्त्र विज्ञहरू तथा कृषक/कृषक समूह/सहकारी/उद्यमीहरू समेतको संलग्नतामा कृषि कार्यक्रम उत्पादन गरिनेछ।हरेक दिन प्रशारण गरिने कार्यक्रम अनुसूची ८ अनुसार हुनेछ।रेडियो कृषि कार्यक्रमको उत्पादन केन्द्रले र प्रशारण सार्वजनिक सेवा प्रशारण नेपालबाट गरिनेछ र टेलिभिजन कृषि कार्यक्रम केन्द्र तथा सार्वजनिक सेवा प्रशारण नेपालको समन्वयमा उत्पादन गरी सार्वजनिक सेवा प्रशारण नेपालबाट प्रशारण गरिनेछ।

(२) विषय छनौटः खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण बाली तथा पशुपन्छी, उच्च मूल्य बाली, फलफूल, मत्स्य तथा पशुपन्छी, राष्ट्रिय महत्वका र निर्यातयोग्य बाली तथा पशुपन्छीका विषयहरूलाई प्राथमिकता दिईनेछ।साथै कृषि क्षेत्रमा प्रयोगमा आईरहेका र अनुसन्धानका क्रममा रहेका नविन प्रविधि, अध्ययन, अनुसन्धानले औंल्याएका समस्या तथा कृषकहरूले भोगेका व्यवहारिक समस्याहरूका आधारमा कार्यक्रम गर्ने विषयको केन्द्रबाट छनौट गरी कार्यक्रमको उत्पादन गरिनेछ।

(३) समन्वयः अध्ययन अनुसन्धानबाट कृषकमाझ रुचाईएका सफल कृषि प्रविधिहरूको प्रचार प्रसार गर्न प्रदेश सरकार तथा स्थानीय सरकारहरू बीच आवश्यक समन्वय गरिनेछ। यसका लागि केन्द्रले कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निकाय, कृषि हेर्ने प्रादेशिक मन्त्रालय र मातहतका निकाय तथा स्थानीय तहलाई पत्राचार गरी माग गर्नेछ।

(४) स्थान छनौटः कुनै पनि स्थानमा कार्यक्रम उत्पादन गर्दा प्रेरणादायी, सफलताको कथा, समस्या देखा परेका स्थल अथवा त्यस क्षेत्रका साना तथा व्यवसायिक कृषकको लागि पायक पर्ने स्थानको छनौट गरिनेछ।

(५) कार्यक्रम उत्पादनका लागि जानकारीः केन्द्रबाट उत्पादन गरिने कृषि कार्यक्रमहरू तयारी गर्ने क्रममा सम्बन्धित कृषक र सरोकारवालाहरूलाई (मिति, स्थान, समय, कार्यक्रमको विषय र उद्देश्य) उपयुक्त माध्यमबाट जानकारी गराइनेछ।

१२. **रेडियो र टेलिभिजन कृषि कार्यक्रम समन्वयः** रेडियो र टेलिभिजन कृषि कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन एवम् पृष्ठपोषणका लागि सार्वजनिक प्रशारण सेवा नेपालसँग समन्वय गर्न सकिनेछ।साथै कार्यक्रमहरुको गुणस्तरीयता कायम गर्न वा समयानुकुल हेरफेर गर्नुपर्ने भएमा सो समेतको सिफारिसका लागि

सचिव डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

केन्द्र प्रमुखको संयोजकत्वमा सार्वजनिक प्रशारण सेवा नेपाल, अन्य सरोकारवाला र सम्बन्धित शाखाको प्रतिनिधि रहने गरी आवश्यकतानुसार समन्वयात्मक बैठक बस्न सक्नेछ।

१३. <u>जनचेतनामूलक छोटो सूचना उत्पादन तथा प्रशारण</u>: स्वच्छ बाली तथा पशुजन्य उत्पादन मार्फत देशको अर्थतन्त्रमा योगदान पुर्याउने लक्ष्यका साथ बाली विशेष, पशुपन्छी, खाद्य लगायतका कृषिका विभिन्न उपक्षेत्र अन्तर्गत सन्चालित राष्ट्रिय अभियानका कार्यक्रमहरु र आम कृषक, कृषि उद्यमी, व्यवसायी, उपभोक्ता, प्राविधिक लगायत अन्य सरोकारवाला लक्षित सार्वजनिक महत्वका जनचेतनामूलक छोटो सूचना तथा सन्देश/Public Service Announcement (PSA) को उत्पादन केन्द्रले गर्नेछ भने सोको प्रसारण सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन तथा रेडियो नेपाल) बाट गरिनेछ। उक्त जनचेतनामूलक छोटोसूचना तथा सन्देशको निर्माणमा विशेष किसिमको दक्षता आवश्यक पर्ने भएमा केन्द्रको समन्वयमा सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) मार्फत उत्पादन गरी प्रसारण समेत गरिनेछ। जनचेतनामूलक छोटो सूचना तथा सन्देशको विषय/शीर्षक (Theme of the PSA) को छनौट कृषि सञ्चार प्राविधिक समितिबाट हुनेछ भने उक्त सन्देशमा रहने सूचना (Contents of the PSA) सम्बन्धित विभाग/निकायको समन्वयमा केन्द्रले गर्नेछ।

## परिच्छेद- ५
## <u>कृषि सूचना सम्प्रेषण तथा समन्वय</u>

१४. <u>कार्यक्रमको परिचयः</u> (१) कृषक, कृषि व्यवसायी, अनुसन्धानकर्ता तथा सरोकारवाला निकायलाई बैज्ञानिक, उपयोगी तथा विश्वसनीय सूचना उपलब्ध गराउन तथा कृषक तथा सरोकारवालाको जिज्ञासा समाधान गर्न कल सेन्टर सञ्चालन, एस.एम.एस.सेवा सञ्चालन गर्न सक्नेछ। साथै बिभिन्न निकायहरूसँग सहकार्य तथा समन्वय गरी सूचनाको एकरुपता र प्रभावकारिता सुनिश्चित गरिनेछ। केन्द्रका कार्यहरुलाई प्रभावकारी, उपयोगी र समन्वयात्मक बनाउन केन्द्रले पेशागत (Professional) सङ्घ/संस्थाहरुसँग समन्वय र सहकार्यमा गर्न सक्नेछ।

१५. <u>कार्य सञ्चालन प्रक्रियाः</u> (१) किसानहरुको जिज्ञासा सम्बोधन गर्नका लागि एक किसान कल सेन्टरको व्यवस्था गरिनेछ। सो कल सेन्टरको टोल फ्रि नम्बरमार्फत किसानहरुले निःशुल्क रुपमा सम्पर्क गर्न सक्ने व्यवस्था गरिनेछ। प्राप्त जिज्ञासाहरुलाई प्रारम्भिक रुपमा केन्द्रका कर्मचारीमार्फत सम्बोधन गरिनेछ।

(२) केन्द्रमा कार्यरत कर्मचारीबाट सम्बोधन हुन नसक्ने खालका जिज्ञासाहरुलाई विज्ञ रोस्टरमा सुचिकृत वाह्य बिज्ञहरुसम्म कल फरवार्ड गरी सम्बोधन गरिनेछ। विज्ञहरुको रोस्टर केन्द्रको कृषि सूचना तथा समन्वय शाखाले तयार तथा अद्यावधिक गर्नेछ।

(३) केन्द्रले हरेक शुक्रबार एस.एम.एस. मार्फत किसानहरुलाई नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गरी तयार गरिएको कृषि मौसमसम्बन्धी जानकारी र सल्लाह प्रदान गर्नेछ। विशेष किसिमको सूचना प्रवाह गर्नुपर्ने अवस्थामा अन्य दिनहरुमा पनि सूचना प्रवाह गर्न सकिनेछ।

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद- ६

## केन्द्रको कार्यक्रमको अनुगमन तथा प्रभावकारीताको व्यवस्था

१६. परिचय: (१) केन्द्रबाट सञ्चालन हुने कार्यलाई प्रभावकारी तथा सान्दर्भिकता, गुणस्तरियता कायम हुने गरी प्राथमिकता निर्धारण गर्ने लगायतका मार्गदर्शन तथा निर्देशन दिन तपसिल बमोजिमको समिति गठन गरिने छ।

### (क) कृषि सञ्चार निर्देशक समितिको विवरण

समितिको संरचना

| | |
|---|---|
| अध्यक्ष : | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| सदस्य : | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद |
| सदस्य : | सहसचिव (प्रवक्ता) कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| सदस्य : | सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| सदस्य : | महानिर्देशक, कृषि विभाग |
| सदस्य : | महानिर्देशक, पशु सेवा विभाग |
| सदस्य : | महानिर्देशक, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण केन्द्र |
| सदस्य: | सदस्य सचिव, राष्ट्रिय किसान आयोग |
| सदस्य सचिव : | प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र |

समितिको कार्यविवरण

- आम सञ्चार माध्यमबाट प्रसारण तथा प्रकाशन गरिनुपर्ने कृषि सम्बन्धित विषय वस्तु र मुद्दाहरुको विषयमा निर्देशन दिने।
- आवश्यक प्रविधि, सूचना तथा जानकारीहरु संकलन गर्न अन्तर निकाय समन्वय गर्न निर्देशन दिने।
- केन्द्र मार्फत भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने र सुधारका लागि सुझाव दिने।
- औचित्यताको आधारमा समितिले बढीमा ३ जना सदस्य आमन्त्रण गर्न सक्ने।
- यस समितिको बैठक केन्द्रको आवश्यकता अनुसार वर्षमा कम्तिमा एक पटक बस्न सक्नेछ।

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## (ख) कृषि सञ्चार प्राविधिक समितिको विवरण

समितिको संरचना

| | |
|---|---|
| संयोजकः | प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र |
| सदस्यः | प्रमुख, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र |
| सदस्यः | प्रमुख, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र |
| सदस्यः | उपमहानिर्देशक, कृषि विभाग |
| सदस्यः | उपमहानिर्देशक, पशु सेवा विभाग |
| सदस्यः | उपमहानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| सदस्यः | प्रमुख, सञ्चार प्रकाशन तथा अभिलेख महाशाखा, नार्क |
| सदस्य सचिवः | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि सूचना तथा प्रशिक्षण केन्द्र |

समितिको कार्यविवरण

- आम सञ्चार माध्यमबाट केन्द्रले प्रसारण तथा प्रकाशन गरिनुपर्ने कृषि सम्बन्धित विषय वस्तु र मुद्दाहरुको विषयमा प्राथामिकता पहिचान गर्ने
- केन्द्रबाट प्रकाशन गरिने कृषि त्रैमासिक पत्रिका र प्राविधिक पुस्तिकाको हकमा सान्दर्भिकताको आधारमा विषयवस्तुहरु प्राथमिकिकरण गर्ने
- रेडियो, श्रव्यदृष्य लगायतका कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि आवश्यक सुझाव तथा परामर्श दिने
- आवश्यक प्रविधि, सूचना तथा जानकारीहरु संकलन गर्न अन्तर निकाय समन्वय गर्ने
- औचित्यताका आधारमा हेरी समितिले बढीमा ३ जना सदस्य आमन्त्रण गर्न सक्नेछ
- यस समितिको बैठक केन्द्रको आवश्यकता अनुसार बस्नेछ।

## परिच्छेद ७
## किसान सूचीकरण

१७. कार्यक्रमको परिचयः(१) किसानहरुलाई उपलव्ध गराउने सेवा/सुविधा/अनुदानको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा स्वयम् कृषक, सहजकर्ता वा सरकारी निकायको सहयोगमा किसानहरुको वैयक्तिक तथा कृषि व्यवसाय सम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत संकलन/प्रविष्ट गरी किसानको पहिचान तथा वर्गीकरण गर्ने गरी एक विद्युतीय प्रणाली किसान सूचिकरण प्रणाली सञ्चालनमा रहेको र सो को व्यवस्थापन र सञ्चालन केन्द्रबाट हुनेछ।

१८. कार्य सञ्चालन प्रक्रियाः (१) "किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१" र "किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२" बमोजिम किसान सूचीकरण कार्यक्रम सञ्चालन हुनेछ।

(२) किसान सूचीकरण प्रणाली सञ्चालन तथा अध्यावधिक गर्ने लगायतका कार्यका लागि विज्ञ परामर्श सेवा लिन सकिनेछ।



सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद ८
## आर्थिक पक्ष

१९. तालिम पाठ्यक्रम निर्माणः (१) तालिम पाठ्यक्रम निर्माण कार्यका लागि पाठ्यक्रम समितिका सदस्यहरूले प्रचलित कानून बमोजिम बैठक भत्ता उपलब्ध गराईनेछ।

२०. प्रकाशन सम्बन्धीः (१) केन्द्रबाट प्रकाशन हुने जर्नल अफ एग्रीकल्चर डेभलप्मेन्ट, कृषि त्रैमासिक, प्राविधिक पुस्तिका लगायतका प्रकाशनहरूको लेख तथा रचना वापतको पारिश्रमिक, कम्प्यूटर सेटिङ्ग, डिजानिङ्ग र टाइपिङ्ग, शुद्धाशुद्धि तथा सम्पादन मण्डलका सदस्यहरुलाई पारिश्रमिक नेपाल सरकार, कार्यसञ्चालन निर्देशिका २०८१ बमोजिम हुनेछ।

(२) तर, जर्नल अफ एग्रीकल्चर डेभलप्मेन्टमा प्रकाशन हुने लेखहरूको समिक्षा कार्य वापत विषय विज्ञ समिक्षक (Peer Reviewer)लाई उपलब्ध गराईने पारिश्रमिकको हकमा मन्त्रालयको The Journal of Agriculture and Environment प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ मा भएको व्यवस्था बमोजिम हुनेछ।

२१. रेडियो तथा टेलिभिजन कृषि कार्यक्रम उत्पादन सम्बन्धीः (१) किसान प्रश्नमञ्च कार्यक्रममा विज्ञको रुपमा सहजीकरण गरे बापत प्रत्येक विषय विशेषज्ञलाई "कार्य सञ्चालन निर्देशिका,२०८१ मा उल्लेख भए अनुसार प्रवचन वापतको पारिश्रमिक उपलब्ध गराईनेछ।

२२. किसान सूचीकरण सम्बन्धी व्यवस्थाः किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको हकमा "किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२" बमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ।

## परिच्छेद- ९
## विविध

२३. खारेजी तथा बचाउः (१) कृषि सूचना तथा प्रशिक्षण केन्द्रको वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ खारेज गरिएको छ। कृषि सूचना तथा प्रशिक्षण केन्द्रको वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ अनुसार भए गरिएका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

२४. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयका सम्बन्धमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

२५. कार्यविधिको व्याख्या तथा बाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ।

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१

(दफा ४ को उपदफा (४) को खण्ड घ सँग सम्बन्धित)

## विज्ञ प्रशिक्षकको सूची

| क.सं | नाम/थर | विशेषज्ञताको क्षेत्र | शैक्षिक योग्यता | सम्वद्ध संस्था/पद | कार्यानुभव | सम्पर्क ठेगाना/फोन नं./ईमेल आइडी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेः
नाम थरः-
पदः-

प्रमाणित गर्नेः
तालिम शाखा प्रमुखः-
मितिः-

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# अनुसूची -२

(दफा ४ उपदफा (७) को खण्ड ग(ई) सँग सम्बन्धित)

## सहजकर्ता मूल्यांकन फाराम

| सूचक | सर्वोत्तम (Outstanding) (६) | अतिउत्तम (Excellent) (५) | उत्कृष्ट (Very Good) (४) | उत्तम (Good) (३) | सन्तोषजनक (Satisfactory) (२) | ग्राह्य (Acceptable) (१) |
|---|---|---|---|---|---|---|
| सत्रको शिर्षक:<br>सहजकर्ताको नाम: | | | | | | |
| विषयबस्तुको पर्याप्तता (Adequacy of Contents) | | | | | | |
| प्रभावकारी प्रस्तुतीकरण (Effectiveness of Presentation) | | | | | | |
| उपयुक्त सिकाउने शैली (Appropriateness of Learning Methods used) | | | | | | |
| सहभागीलाई छलफलको अवसर दिने (Opportunity provided to Participants) | | | | | | |
| कक्षाको समग्र प्रभावकारिता मूल्यांकन (Overall Assessment of the Session) | | | | | | |

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ३

(दफा ४ उपदफा (८) को खण्ड क र ख सँग सम्बन्धित)

## सेवाकालीन तालिममा प्रशिक्षार्थीहरुको मुल्यांकन गर्ने आधार

तालिका १. प्रशिक्षार्थीको मुल्यांकनका मूख्य आधारहरु

| क.सं. | मुल्यांकन आधार | अङ्क |
|---|---|---|
| १ | सहभागिता तथा अनुशासन | १५ |
| ३ | लिखित परीक्षा | ३० |
| ४ | समूहगत प्रतिवेदन | ३५ |
| ५ | व्यक्तिगत प्रतिवेदन | १० |
| ६ | प्रतिवेदन प्रस्तुती | १० |
| | जम्मा | १०० |

तालिका २. सहभागिता तथा अनुशासन मुल्यांकनका लागि अङ्क विभाजन

| क.सं. | नाम | हाजिरी (5) | समयनिष्ठ (Punctual) (5) | सहभागिता Participation/ Interactive (5) | Total (15) |
|---|---|---|---|---|---|
| | | | | | |

तालिका ३. समुहगत प्रतिवेदन मुल्यांकनका लागि अङ्क विभाजन

| क. सं. | समूह | नाम | Context/ Background Objectives (10) | Methodology (10) | Findings and Conclusions (10) | Language and Formatting (5) | Total Marks (35) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

तालिका ४. व्यक्तिगत प्रतिवेदन मुल्यांकनका लागि अङ्क विभाजन

| क.सं. | नाम | Context/Background Objectives (2.5) | Methodology (2.5) | Findings and Conclusions (2.5) | Language and Formatting (2.5) | Total Marks (10) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

तालिका ५. प्रस्तुतीकरण मुल्यांकनका लागि अङ्क विभाजन

| क.सं | नाम | Expression Quality and Body Language (2) | Content and Coverage (2) | Use of Presentation Aids (2) | Self Confidence (2) | Intellectual Interpretation and Response to Queries (2) | Total Marks (10) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१६

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

**प्रमाणपत्र नमुना**

क. सेवाकालीन तालिममा सहभागीहरुलाई दिईने प्रमाणपत्रको ढाँचा

प्रमाणपत्र नं: २०...-..../.......

नेपाल सरकार

.................................मन्त्रालय

कृषि सूचना तथा प्रशिक्षण केन्द्र

हरिहरभवन, ललितपुर

नेपाल सरकारको लोगो

## प्रमाणपत्र

यस केन्द्रद्वारा मिति..............देखि ................ गतेसम्म सन्चालित "..........................." तालिममा ..... श्री................ (क.सं. नं.....) सहभागी भई ....... श्रेणीमा उत्तिर्ण हुनुभएकोले कदरसाथ यो प्रमाणपत्र प्रदान गरिएको छ ।

.........................
तालिम संयोजक

......................
केन्द्र प्रमुख

सचिव

डा. बेदम प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

ख. सेवाकालीन बाहेक अन्य तालिममा सहभागीहरुलाई दिईने प्रमाणपत्रको ढाँचा

| | |
|---|---|
| नेपाल सरकारको लोगो | नेपाल सरकार<br>.कृषि तथा पशुपन्छी विकासमन्त्रालय<br>कृषि सूचना तथा प्रशिक्षण केन्द्र<br>हरिहरभवन, ललितपुर |

**प्रमाणपत्र**

यस केन्द्रद्वारा मिति.............देखि ................ गतेसम्म सन्चालित "..........................." तालिममा सफलतापूर्वक सहभागी हुनु भएकोमा ............... मा कार्यरत ..... श्री................(क.सं. नं.....) लाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

......................
तालिम संयोजक

......................
केन्द्र प्रमुख

नोटः अन्य सङ्घ सस्था संग को सहकार्यमा संचालित तालिममा दिइने प्रमाणपत्रमा सम्बन्धित संस्थाको लोगो पनि थप गर्न सकिनेछ ।

सचिव

डा. [illegible] प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ५

(दफा ६ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**सहभागी प्रशिक्षार्थीको व्यक्तिगत विवरणको ढाँचा**

१. प्रशिक्षणको विषय:

२. सहभागी/कर्मचारीको नाम:

३. कर्मचारी संकेत नं.:

४. लिङ्ग:

५. सेवा प्रवेश मिति: पद:

६. हालको पद: हालको पदमा नियुक्ति मिति:

७. सेवा: समूह:

८. सम्पर्क ठेगाना:

प्रदेश:

जिल्ला:

म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं............ टोल:..........

सम्पर्क नं.................... ईमेल:....................

९. हाल कार्यरत:

मन्त्रालय: विभाग:

अन्य कार्यालय: ठेगाना:

१०. यस भन्दा पहिला केन्द्रबाट लिएको तालिमको विवरण (पछिल्लो क्रमानुसार उल्लेख गर्नुहोस्):

| सि.नं. | विषय | अवधि | वर्ष | तालिम दिने संस्था/निकाय (स्वदेश वा विदेश) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

११. शैक्षिक योग्यता:

| सि.नं. | शैक्षिक उपाधि | अध्ययन गरेका विषयहरु | शैक्षिक संस्था |
|---|---|---|---|
| | | | |

१२. शारीरिक अवस्था (आवश्यक भएमा मात्र उल्लेख गर्ने):

१३. सहभागीको हस्ताक्षर

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ६

(दफा ९ को उपदफा (५) को खण्ड ग सँग सम्वन्धित)

**<u>सम्पादन मण्डलमा सम्पादकहरुको छनौटको मापदण्ड</u>**

१. <u>सम्पादकहरूको योग्यता:</u> जर्नल अफ एग्रीकल्चर डेभलप्मेन्ट प्रकाशनको लागि सम्पादन समितिमा सम्पादकहरूको योग्यता निम्न अनुसार हुनेछ।

(क) कृषि/वन/वातावरण विषयमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा ५ वर्षको कार्य अनुभव।

(ख) कृषि/वन/वातावरण विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा अनुसन्धनात्मक लेख प्रकाशन गरेको वा जर्नलहरु रिभ्यू गरेको अनुभव ।

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ७

(दफा ९ को उपदफा (५) को खण्ड क सँग सम्बन्धित)

**Format for Desk Review**

1. Manuscript Details

Manuscript ID:

Title:

Field of study:

Authors:

Date of Submission:

Date of Desk Review:

2. Evaluation Criteria (Score 1–5)

| Criteria | Description | Score (1–5) | Remarks |
|---|---|---|---|
| Scope & Fit | Alignment with journal's scope | | |
| Originality & Contribution | Novelty and significance | | |
| Clarity & Structure | Writing quality, organization | | |
| Broad Methodology | Appropriateness and validity | | |
| References & Citations | Relevance, sufficiency, recency | | |
| Ethical Considerations | Plagiarism, ethical compliance | | |

Score: 1 Lowest , 5 Highest

3. Desk Review Recommendation

☐ Send for peer review (total score ≥15)

☐ Reject (desk rejection) (total score < 15)

4. Summary Comments / Justification

__________________________________________________________________

__________________________________________________________________

5. Desk Reviewer Signature:

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूची- ८

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

रेडियो/टेलिभिजन कृषि कार्यक्रम

| क.सं. | रेडियो नेपाल (प्रत्येक साँझ ६:४० – ६:५५) | टेलिभिजन कृषि कार्यक्रम (प्रत्येक साँझ ६:४० – ६:५५) |
|---|---|---|
| १ | साप्ताहिक कृषि गतिविधि | कृषि संवाद |
| २ | पौरखी कृषक | नवीन कृषि प्रविधि |
| ३ | नविन कृषि प्रविधि | किसान प्रश्न मञ्च |
| ४ | कृषि संवाद | सफल कृषक |
| ५ | किसान प्रश्न मञ्च | कृषिमा महिला |
| ६ | जे.टि.ए र बुढी आमा | कृषि गतिविधि |
| ७ | रेडियो पत्रिका तथा कृषि नाटक | कृषि टेलि सिरियल "भरोसा" |

नोटः कार्यक्रमको नाम समय र सान्दर्भिकताको आधारमा केन्द्रले परिवर्तन गर्न सक्नेछ।

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री